जानकी गाउँपालिका
नगर प्रहरी जवान पदको पाठ्यक्रम
परिक्षा प्रणाली

क्र.स.	चरण	विवरण	पूर्णाङ्क	उतीर्णाङ्क	कैफियत
१	प्रथम चरण	प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा	-	-	
२	दोस्रो चरण	शारीरिक सहिष्णुता परीक्षा	५०	-	
३	तेस्रो चरण	लिखित परीक्षा	१००	४०	बस्तुगत प्रश्न ४५*२ = ९०
					विषयगत प्रश्न २*५= १०
४	चौथौ चरण	अन्तरवार्ता परीक्षा	१०	-	
जम्मा			१६०		

* **लिखित परिक्षाको समय १ घण्टा १५ मिनेट रहनेछ ।**

द्रस्टव्य :

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै हुन सक्नेछ ।

२. यथासम्भव पाठ्यक्रमका सबै इकाईबाट प्रश्न सोधिने छन ।

३. लिखित परिक्षामा गल्ति गरेको प्रश्नोत्तरका लागि कुनै अङ्क कट्टा गरिने छैन ।

४. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परिक्षाको मिति भन्दा ३ महिना अगाडि (संसोधन भएका वा संसोधन भई हटाइएका वा थप गरी संसोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

५. प्रत्येक चरणको परिक्षाबाट योग्य उम्मेद्वारहरुलाई मात्र अर्को चरणको परिक्षामा सहभागी गराइनेछ ।

६.शारिरिक सहिष्णुता परिक्षा अन्तर्गत एक ईभेन्टमा उत्तिर्ण भए पश्चात मात्र अर्को ईभेन्टमा सहभागी गराईनेछ।र सम्पुर्ण ईभेन्टहरुमा उत्तिर्ण भए पश्चातमात्र अङ्क जोडीनेछ

८. पाठ्यक्रम लागु हुने मिति :- २०८३।०७।१८ गते ।

१ प्रथम चरण :-

- नगर प्रहरी सेवाको जवान पदको प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य उम्मेदवारलाइ शारीरिक सहिष्णुता परिक्षामा सहभागि गराइने छैन ।

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा :-

जोतकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरू

१. अंगभंग/कुरुप देखिने

२. हातखुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको

३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (घुडा बिच ८ से.मी भन्दा बढी दुरी भएमा)

४. धेरै चेप्टो पैताला भएको

५. प्रष्ट बोलि नभएको / भकभके

६. लठ्याैरो

७. ढाड कुप्रो भएको

८. शरीर पुरा झुकाउन नसक्ने

९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)

१०. दुवि र मुसा अत्याधिक मात्रामा भएको

११. कपाल झरेको, फुलेको वा रंगाएको (एक तिहाई भन्दा बढी भएमा)

१२. तौल (पुरुष कम्तीमा ५० के.जी कम भएमा र महिला कम्तीमा ४२ के.जी भन्दा कम)

१३. आँखा डेढो भएको

१४. कुनै एक आँखा चिम्लन नसक्ने

१५. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढि तौल भएको

१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने

१७. अनुहारमा अस्वाभाविक दागहरू भएको (१.५ से.मि.× १.५ से.मी. ठुलो भएमा)

१८. शरीरको कुनै पनि भागमा ट्याटु मार्क बनाएको ।

१९. २ वटा भन्दा बढि दाँत किराले खाएको वा झरेको

२०. भेरिकोच वा नशा फुल्ने भएको

२१. उचाई (पुरुष ६२ ईन्च भन्दा कम भएमा र महिला ६० ईन्च भन्दा कम भएमा)

२२. छाती (पुरुष नफुलाउदा कम्तीमा ३० ईन्च,फुलाउदा कम्तिमा ३२ ईन्च)

२३. रंङ्ग छुट्टाउन नसक्ने

२४. शरीरको नदेखिने भागमा (३.५ से.मि.× ३.५ से.मी. भन्दा ठुलो दाग/खत भएमा)

२. दोस्रो चरण

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत

(क) शारीरिक तन्दुरुस्ती (प्रयोगात्मक) परिक्षा :- ५० पूर्णाङ्क

इभेन्ट्स	३०० मि. दौड	सिट अप	पुस अप	चिन अप	३.२ कि मि (२ माइल) दौड	जम्मा अंक
पूर्णाङ्क	१५	५	५	५	२०	५०
उतीर्णाङ्क	७.५	२	२	२	१०	२३.५

- नगर प्रहरी जवानको शारीरिक तन्दुरूस्ती परीक्षा गाउँपालिकाले तोकेको विज्ञ समितिले गर्ने छ ।
- कुनै पनि इभेन्ट्समा अनुतिर्ण हुने उम्मेद्वारलाई सो भन्दा पछि हुने इभेन्ट्समा सहभागी गराइने छैन ।
- शारीरिक तन्दुरुस्तीको परीक्षाको अंक भार तोकिए बमोजिम हुनेछ ।

(इभेन्ट्स १) ३०० (तिन सय) मिटर दौड

क्र.स.	पुरुषका लागि समयावधि	पुरुष/महिला अंकः १५.००	महिलाका लागि समयावधि
१	४५ सेकेण्ड वा सो भन्दा कम	१५	५५ सेकेण्ड वा सो भन्दा कम
२	४९ सेकेण्ड सम्म	१२.५	५९ सेकेण्ड सम्म
३	५३ सेकेण्ड सम्म	९	६३ सेकेण्ड सम्म
४	५६ सेकेण्ड भित्र सम्म	७.५	६७ सेकेण्ड भित्र सम्म
५	५६ सेकेण्ड भन्दा बढी	अनुतिर्ण	६७ सेकेण्ड भन्दा बढी

(इभेन्ट्स २) सिट अप

क्र.स.	पुरुषका लागि पटक	पुरुष/महिला अंकः ५.००	महिलाका लागि पटक
१	२० पटक वा सो भन्दा माथि	५	१५ पटक वा सो भन्दा माथि
२	१८ पटक सम्म	४	११ पटक सम्म
३	१५ पटक सम्म	३	८ पटक सम्म
४	१२ पटक सम्म	२	५ पटक सम्म
५	१२ पटक सम्म पनि गर्न नसक्ने	अनुतिर्ण	५ पटक सम्म पनि गर्न नसक्ने

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत

जानकी गाउँपालिका
कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(इभेन्ट्स ३) पुस अप

क्र.स.	पुरुषका लागि पटक	पुरुष/महिला अंकः ५.००	महिलाका लागि पटक
१	२० पटक वा सो भन्दा माथि	५	१४ पटक वा सो भन्दा माथि
२	१७ पटक सम्म	४	११ पटक सम्म
३	१४ पटक सम्म	३	८ पटक सम्म
४	१० पटक सम्म	२	४ पटक सम्म
५	१० पटक सम्मपनि गर्न नसक्ने	अनुतिर्ण	४ पटक सम्मपनि गर्न नसक्ने

(इभेन्ट्स ४) चिन अप

क्र.स.	पुरुषका लागि पटक	पुरुष/महिला अंकः ५.००	महिलाका लागि पटक
१	१० पटक वा सो भन्दा माथि	५	३ पटक वा सो भन्दा माथि
२	८ पटक सम्म	४	२ पटक सम्म
३	५ पटक सम्म	३	१ पटक सम्म
४	३ पटक सम्म	२	३० सेकेण्ड सम्म झुण्डिन सक्ने
५	३ पटक सम्मपनि गर्न नसक्ने	अनुतिर्ण	३० सेकेण्ड सम्मपनि गर्न नसक्ने

(इभेन्ट्स ५) ३.२ कि.मी. (२ माईल दौड)

क्र.स.	पुरुषका लागि समयावधि	पुरुष/महिला अंकः २०.००	महिलाका लागि समयावधि
१	१२ मिनेट वा सो भन्दा कम	२०	१४ मिनेट वा सो भन्दा कम
२	१४ मिनेट सम्म	१७	१६ मिनेट सम्म
३	१६ मिनेट सम्म	१३	१८ मिनेट सम्म
४	१८ मिनेट भित्र सम्म	१०	२० मिनेट भित्र सम्म
५	१८ मिनेट भन्दा बढी	अनुतिर्ण	२० मिनेट भन्दा बढी

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत

३. तेस्रो चरण :- लिखित परिक्षा

जानकी गाउँपालिका
कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सामान्य ज्ञान तथा बौद्धिक परिक्षण – १०० अङ्क

(अ) सामान्य ज्ञान (३० प्रश्न *२ अङ्क = ६०)

(क) नेपालको इतिहास सम्बन्धि सामान्य जानकारी

- ऐतिहासिक धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरू
- नेपालको आधुनिक इतिहास

(ख) नेपालको भुगोल सम्बन्धि सामान्य ज्ञान

- क्षेत्रफल सिमाना भौगोलिक र राजनैतिक (संघ प्रदेश र स्थानीय) विभाजन
- नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन
- नेपाका प्रमुख शिखर नदी ताल कुण्ड भन्ज्याङ् र झरनाहरु
- नेपालमा पाईने वन तथ वनस्पती
- संरक्षित जनावर तथा जडिबुटी
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृती, जातजाति र जनसंख्या सम्बन्धि ज्ञान

(घ) नेपालको वर्तमान संविधान (जारी, मिति, भाग, धारा र अनुसुचि संख्या)

(ङ) ट्राफिक सम्बन्धी (ट्राफिक चिन्ह सडक संकेत र ट्राफिक नियम)

(च) महत्वपुर्ण समसामयिक राष्ट्रिय घटनाहरू जस्तै आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानव अधिकार ।

(छ)स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ज) जानकी गाउँपालिकाको बारेमा सामान्य जानकारी ।

(आ) सामान्य नेपाली, अंग्रेजी र गणित सम्बन्धी ज्ञान

खण्ड "क" नेपाली – (५*१= ५ अंक)

- नेपाली लेखन (लामो उत्तर)
- निवेदन /चिठ्ठि लेखन

खण्ड "ख" अंग्रेजी – (५*१= ५ अंक)

- Simple Sentence Making.
- Tense (present, past and future)

खण्ड "ग" गणित - (५*२= १० अंक)

- गणितका आधारभुत क्रियाकलाप (जोड, घटाउ, गुणन, भाग)
- प्रतिशत/ भिन्न
- साधारण व्याज
- अंक र अक्षरमा लेखन

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत

(इ) बौद्धिक परिक्षण (आई. क्यू.) (१० प्रश्न * २ अङ्क = २०)

- शाब्दिक अनुक्रम, समरुपता, वर्गिकरण, कोडिङ, डिकोडिङ, मिल्दो नमिल्दो छुट्याउने, दिशा र दुरी ज्ञान सम्बन्धी परिक्षण

४. चौथौ चरण :- अन्तर्वार्ता परीक्षा :- १० अङ्क

- नगर प्रहरी सेवाको जवान पदको अन्तर्वार्ता परीक्षा गाउँपालिकाले तोकेको विज्ञ समिति (सशस्त्र प्रहरी अधिकृत, प्रशासन समुहको अधिकृत) द्वारा लिईनेछ ।

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत